व्यास नगरकार्यपालिकाको २१५ औं बैठक आज मिति २०८२/२/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री बिष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८२/१/२४ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: मिति २०८२/२/७ गते दिउँसो भएको पूर्व-बजेट तयारी परामर्श बैठक सम्बन्धमा ।
प्रस्ताव नं.३: व्यास नगरपालिकाको जग्गा वर्गीकरण-अनुमोदन एवं प्रकाशन सम्बन्धमा ।
प्रस्ताव नं.४: विपद् कार्यका लागि सामग्री खरिद सम्बन्धमा ।
प्रस्ताव नं.५ कृषिका लागि जग्गा खरिदमा छुट दिन सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.६: सामुदायिक विद्यालयका प्रधानाध्यापक नियुक्ति छनौट सम्बन्धमा ।
प्रस्ताव नं.७: विभिन्न योजनामा भेरिएसन स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८ छुवाछुत उन्मूलन तथा जातीय भेदभाव दिवसमा नगरपालिकामा सार्वजनिक बिदा दिने सम्बन्धमा ।
प्रस्ताव नं.९: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१०: नापी कार्यालयलाई सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: म्याद नाघेका ढुंगा कटिङ उद्योगहरुको नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१२: शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१३: नारेश्वर ताल जलाशय क्षेत्रको माटो व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१४: घर नक्शा मापदण्ड सम्बन्धमा ।
प्रस्ताव नं.१५: २०८२ बैशाख मसान्तसम्मको आन्तरिक आय सम्बन्धमा ।
प्रस्ताव नं.१६: क्यामिनकोट मा.वि.को नगद जिन्सी सम्बन्धमा ।
प्रस्ताव नं.१७: सेनेटरी प्याड तथा भेन्टिङ मेसिन व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१८: केशवटार मा.वि.मा विद्यालय सहायक (लेखापाल) व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१९: विद्यालय समायोजन सम्बन्धमा ।
प्रस्ताव नं.२०: प्रधानाध्यापक नियुक्ति बाँकी रहेका विद्यालयका सम्बन्धमा ।
प्रस्ताव नं.२१: कक्षा थप अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.२२: दायित्व वहन गरी फरफारक गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२३: शिक्षकको पारिश्रमिक भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.२४: अत्यावश्यक र विपद्जन्य काम सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यसअघि मिति २०८२/१/७ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ को बजेट तयारी सम्बन्धमा कार्यपालिकाको पूर्व निर्णय अनुसार सरोकारवालाहरुसँग आज मिति २०८२/२/७ गते नगर सभा कक्षमा सम्पन्न गरियो । उक्त बैठकमा प्रमुख प्रशासकीय अधिकृत श्री काशीराम गैरेबाट नगरपालिकाको विगत, वर्तमान र भावी कार्यक्रमको प्रस्तुती, योजना आयोगका पूर्व उपाध्यक्ष डा.जगदीशचन्द्र पोखेल, गण्डकी प्रदेश योजना तथा नीति आयोगका पूर्व उपाध्यक्ष एवं यस नगरपालिकाको सल्लाहकार डा.रघुराज काफ्ले, शिक्षाविद् एवं यस नगरपालिकाका सल्लाहकार डा.उषा पोखेलबाट बजेट कार्यक्रम निर्माणमा ध्यान दिनुपर्ने विषयहरुको प्रस्तुती, तनहुँका प्रमुख जिल्ला अधिकारी, स्थानीय क्रियाशील राजनैतिक दलका प्रतिनिधिहरुको राय सुझाव, अन्य सरोकारवालाहरुका राय सुझाव समेतका लागि हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा नेपालको विद्यमान कानुन बमोजिम व्यास नगरपालिका अन्तर्गतका जग्गा वर्गीकरणमा परामर्शदाताको प्रतिवेदन अनुमोदन गरी उक्त प्रतिवेदनलाई स्थानीय राजपत्रमा प्रकाशित गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य क्षेत्रमा विनियोजित नगर, वडा स्तरीय बाँकी बजेटलाई एकीकृत गरी उक्त कोषबाट खर्च हुने गरी पूर्व तयारीका लागि रु.१०,००,०००। दश लाखमा नबढ्ने गरी ग्याबिन जाली र रु.१,५०,०००। एक लाख पचास हजारमा नबढ्ने गरी त्रिपाल नियमानुसार खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ स्थित साविक फराकचौर ६/ग कि.नं.२७६, २७९, १८४, २७५, २७८, २७४, २७७, १८६ ज.रो. ३६ रोपनी १० आना श्री न्यूरत्न पोल्ट्री एण्ड ब्रिडिङका नाउँमा रहेको जग्गा मंगला एग्रो प्रा.लि.का नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी दिनका लागि सिफारिस पाउँ भनी पर्न आएको निवेदन माग बमोजिम कृषि प्रयोजनका लागि खरिद गर्ने जग्गाको रजिष्ट्रेशन पास दस्तुरमा नियमानुसार राजश्व छुट सुविधा उपलब्ध गराई दिनु हुन भनी सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका निम्न लिखित सामुदायिक विद्यालयका व्यवस्थापन समितिबाट प्रकृया पुरा गरी प्रधानाध्यापक छनौट गरी सिफारिस भएकाले अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | नियुक्ति अनुमोदित प्र.अ.को नाम | विद्यालय | वडा नं. | सञ्चालित कक्षा |
|---|---|---|---|---|
| १ | श्री ईन्द्र प्रसाद उपाध्याय पौडेल | सत्यवती मा.वि. | १ | १ देखि १२ |
| २ | श्री पुरुषोत्तम न्यौपाने | वसन्तकाली प्रा.वि. | ७ | १ देखि ३ |
| ३ | श्री प्रेमराज सोती | सोमाजन प्रा.वि. | ८ | १ देखि ५ |
| ४ | श्री राजेन्द्र प्रसाद आचार्य | लक्ष्मी आ.वि. | ९ | १ देखि ८ |
| ५ | श्री प्रताप गैरे | अमरसिंह आ.वि. | ११ | १ देखि ८ |
| ६ | श्री श्रीप्रसाद न्यौपाने | चण्डेश्वरी आ.वि. | ११ | १ देखि ८ |
| ७ | श्री शान्ता देवी सेढाईं | तातोपानी प्रा.वि. | ११ | १ देखि ३ |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा शहरी पूर्वाधार तथा योजना शाखा मार्फत पेश भए बमोजिम निम्न योजनाहरुको भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो । उक्त भेरिएसनमा आएको दायित्व सम्बन्धित शिर्षकबाट र त्यसबाट नपुगेमा कन्टिन्जेन्सीबाट खर्च गर्ने समेत निर्णय गरियो ।

(क) करङकाठ बसपार्क मोटरेवल पुल निर्माण (ठेक्का नं. 09WORKS/VYASMUN/2080.81) योजनाको लागि पेश भएको (मु.अ.कर बाहेक) रु. ३७,२८,०८७६३ बराबरको Item and Quantity भेरिएसन ।

(ख) मानहुँ सिद्धबाबा मन्दिर निर्माण (ठेक्का नं.09WORKS/VYASMUN/2080.81) योजनाको लागि पेश भएको (मु.अ.कर बाहेक) रु. २,१७,२६०। बराबरको Item and Quantity भेरिएसन ।

(ग) शहरी शासकीय पूर्वाधार विकास आयोजना अन्तर्गत पराशर मार्गको Design and Supervision Consultant गर्ने कार्यक्रम तर्फ DSC Staffing को लागि Project Implementation Manual (PIM) को section 2.7 मा उल्लेख भए बमोजिम Allocation Amount को ५ प्रतिशत Celling भित्र रहने गरी योजना तथा प्राविधिक शाखाबाट पेश भएको रु.२१,३५,७००। (मु.अ.कर र पि.एस समेत) को भेरिएसन ।

(घ) व्यास नगरपालिका वडा नं.८ स्थित वडा कार्यालय भवन निर्माण योजना (ठेक्का नं.09WORKS/VYASMUN/2080.81) को लागि पेश भएको रु.८,४८,५००/ रकम बराबरको भेरिएसन ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा २०८२ साल जेष्ठ २१ गते बुधवार जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस भएकाले गत वर्षहरु झैं यस वर्ष पनि उक्त दिन अत्यावश्यक सेवा सञ्चालन गर्नुपर्ने कार्य बाहेकका अन्य नगरपालिका मुल कार्यालय, वडा कार्यालय, शैक्षिक संस्था लगायतका कार्यालयहरुमा विदा गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित विभिन्न वडाका योजनाहरु कार्यान्वयन हुन बाँकी रहेकाले त्यस्ता योजनाहरु नगर सभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

(क) वडा ७ - बजेट शिर्षक नं.५१५ रु.२,००,०००। को बेलचोक मोटर मार्गमा पक्की नाला निर्माणको योजनालाई गोहीखोला खानेपानी ट्याङ्कीको ट्रस निर्माण गर्ने गरी संशोधन ।

(ख) वडा ८ - व्यास नगरकार्यपालिकाको मिति २०८१/८/२३ गतेको बैठकको नि.नं.३१ (१८) मा जौबारी टोल मध्यनेपाल मोटरेवल पुल डि.पि.आर.लाई छुट्याइएको हुँदा सो काम हुन नसकी उक्त रकम

रु.५,००,०००। जौबारी टोलमा पर्ने अमले मगर जौबारी कोटथोक मोटर मार्ग स्तरीकरण गर्ने गरी संशोधन गर्ने ।

(ग) वडा नं.११ -व्यास नगरपालिका वडा नं.११ बजेट शिर्षक नं.७२३ कोड नं.६५० डाँडागाउँ सामुदायिक भवनलाई छुट्याएको रकम चमेरे गुफामा चमेराको मूर्ति निर्माणमा संशोधन गर्ने ।

-बजेट शिर्षक नं.७२७ कोड नं.६५४ बगैंचा पिप्लेबाट चापेखोलासम्म बाटो ग्राभेललाई छुट्याएको रकम अमर शहिद मार्ग स्तरोन्नतीमा संशोधन गर्ने ।

-बजेट शिर्षक ७२९ कोड नं.६५६ रुक्सेपानी खानेपानी मर्मतलाई छुट्याएको रकम रातमाटा भर्याङदी टोल किरियापुत्री अधुरो भवन सम्पन्न गर्न संशोधन गर्ने ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा भूमि समस्या समाधान आयोगद्वारा व्यास नगरपालिका क्षेत्र भित्र जग्गा नापजाँच कार्य भइरहेको हुँदा जिल्ला नापी कार्यालय तनहुँलाई रु.१,२८,७८४। (एक लाख अठ्ठाइस हजार सात सय चौरासी) बराबरको कम्प्यूटर र दराज उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट अनुमति पत्र जारी गरी सञ्चालनमा रहेका र दोब्बर दस्तुर तिरी नवीकरण गर्न पाउने अवधि २०८१ चैत्र मसान्त भित्र समेत नवीकरण हुन नसकेका स्लेट ढुंगा कटिङ्ग उद्योगहरुलाई नवीकरण गर्ने सम्बन्धमा स्लेट ढुंगा सम्बन्धी अनुगमन तथा मूल्याङ्कन समितिबाट समेत सिफारिस भई आएकोले एक पटकका लागि आर्थिक ऐनमा भएको दस्तुरको तेब्बर दस्तुर लिई २०८२ आषाढ मसान्त भित्र आएका उद्योगीहरुलाई उद्योग नवीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको वडा नं.७ स्थित क्यामिनकोट मा.वि. समायोजन भएकाले केही शिक्षकहरुको व्यवस्थापन गर्नुपर्ने देखिंदा शिक्षा शाखाबाट यस अघि कामकाज गर्न खटाइएको व्यवस्थापनलाई अनुमोदन गरी निम्न शिक्षकहरुलाई निम्नानुसार कामकाजका लागि विभिन्न विद्यालयमा खटाउने निर्णय गरी ७ दिनभित्र कार्यान्वयनका लागि शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

| क.सं | नाम थर | हाल कार्यरत विद्यालय | तह/विषय | खटाइएको विद्यालय |
|---|---|---|---|---|
| १ | श्री युवराज वाग्ले | क्यामिनकोट मा.वि. व्यास ७ | नि.मा.वि. नेपाली | क्यामिन मा.वि. व्यास ७ |
| २ | श्री चित्रबहादुर क्षेत्री | क्यामिनकोट मा.वि. व्यास ७ | नि.मा.वि. अंग्रेजी | क्यामिन मा.वि. व्यास ७ |
| ३ | श्री दया कट्टेल | क्यामिन मा.वि. व्यास ७ | नि.मा.वि. अंग्रेजी | माहेन्द्री मा.वि. व्यास ९ |
| ४ | श्री विनोद रम्ते | सिद्धेश्वरी मा.वि. व्यास १२ | मा.वि.सामाजिक | क्यामिन मा.वि. व्यास ७ |
| ५ | श्री संगीता भट्टराई | क्यामिन मा.वि. व्यास ७ | प्रा.वि. तह | सत्यवती मा.वि. व्यास २ |
| ६ | श्री शारदा लम्साल | क्यामिनकोट मा.वि. व्यास ७ | नि.मा.वि. नेपाली | उदय मा.वि. व्यास ५ |
| ७ | श्री सरस्वती भट्टराई | पद्म प्रा.वि. व्यास ५ | प्रा.वि. तह | जनजुक्त मा.वि. व्यास ५ |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास १० दुम्सीचौर स्थित नारेश्वर ताल जलाशय क्षेत्र भित्रको माटो हटाउन जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय तनहुँबाट अनुरोध भई आएको र बाँध निर्माणको कार्य भइरहेकाले माटो हटाउनुपर्ने अवस्था देखिंदा प्राविधिकको ल.ई. अनुसार सोही क्षेत्रको जग्गा खरिदका लागि विनियोजित रु.१०,००,०००। (दश लाख) बाट माटो हटाउने र जग्गा खरिदको प्रकृया पुरा भएपछि अन्य श्रोतबाट जग्गा खरिदका लागि रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत निर्माण हुने घर नक्शाहरुको मापदण्डमा परिमार्जन गर्नुपर्ने देखिंदा संघ, प्रदेश र विद्यमान कानुनले तोकेको सीमामा रहेर घर नक्शा शाखाबाट पेश भएको मापदण्डलाई प्राप्त सुझावहरु समेटी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व.०८१/८२ का लागि प्रस्तावित रु.१८,००,००,०००। (अठार करोड) आन्तरिक आयमा २०८२ वैशाख मसान्तसम्म रु.११,७५,२४,३०४।३८ (एघार करोड पचहत्तर लाख चौबिस हजार तीन सय चार रुपैयां, अठ्तीस पैसा) प्राप्त

भएको बैठकमा जानकारी प्राप्त भयो । अपेक्षित आय बृद्धिका लागि सम्बन्धित शाखा मार्फत कर संकलनमा आवश्यक कर्मचारी खटाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ स्थित क्यामिनकोट मा.वि. समायोजन भएकाले उक्त विद्यालयको नगद जिन्सी सम्पत्तीको विवरण व्यवस्थापन, संरक्षण, उपभोगका सम्बन्धमा सम्बन्धित वडा समितिको राय माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनेटरी प्याड खरिद गरी विद्यालयहरुमा वितरण गर्नुपर्ने देखिएकाले स्वीकृत बजेटबाट नियमानुसार सेनेटरी प्याड खरिद गरी विद्यालयहरुलाई वितरण गर्न र माध्यामिक तह सञ्चालित विद्यालयहरुलाई सेनेटरी प्याड भेन्टिङ मेशिन व्यवस्थापन गर्न आवश्यक देखिएकाले स्वीकृत बजेटबाट नियमानुसार खरिद गरी व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा केशवटार मा.वि. व्यास १४ मा कार्यरत विद्यालय सहायक (लेखापाल) श्री हिरालाल बि.क.को सवारी दुर्घटना भई हाल स्वास्थ्य उपचारमा रहनु भएको र नियमित विद्यालय आई कामकाज गर्ने अवस्था नदेखिएकोले निज स्वास्थ्य उपचारबाट विद्यालयमा नियमित कामकाजका लागि विद्यालयमा नफर्कदासम्म बढीमा ६ महिना अवधिको लागि विद्यालयको नियमित कामकाज गर्न करारमा विद्यालय सहायक (लेखापाल) नियुक्ति गरी व्यवस्थापन गर्ने शिक्षा तथा सामाजिक विकास शाखालाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ चुंदेर स्थित सञ्चालित पद्म प्राथमिक विद्यालयमा विद्यार्थी संख्या ज्यादै न्यून भएकोले उक्त विद्यालयको कक्षा १-३ लाई जनजुक्त शाही मा.वि. व्यास ५ मा समायोजन गरी पद्म प्राथमिक विद्यालयलाई पूर्व प्राथमिक तह (बाल विकास) कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा २०८१ चैत्रको अन्तिम हप्तादेखि प्रधानाध्यापक नियुक्ति प्रकृया अघि बढाइएकोमा हालसम्म ३४ विद्यालयमा प्रधानाध्यापक नियुक्ति प्रकृया सम्पन्न भएको, विकास प्रस्ताव प्राप्त योग्यता पुगेका केही विद्यालयमा प्रकृया अघि बढेको, केही विद्यालयमा पटक पटक प्रस्ताव माग गर्दा पनि हालसम्म विकास प्रस्ताव परेको जानकारी प्राप्त नभएकाले त्यस्ता विकास प्रस्ताव नपरेका विद्यालयमा अर्को व्यवस्था नहुँदासम्म विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार माथिल्लो योग्यता वा वरिष्ठतम शिक्षकहरु मध्येबाट निमित्त प्र.अ. नियुक्तिका लागि आवश्यक व्यवस्थापन मिलाउन नगर शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास १ स्थित आदिकवि भानुभक्त क्याम्पसमा हालसम्म साविक उच्च मा.वि.बाट सम्बन्धन लिई कक्षा ११ र १२ सञ्चालन भई रहेकोमा विद्यालय शिक्षा स्थानीय तह मातहत आएकाले श्री आदिकवि भानुभक्त माध्यामिक विद्यालय व्यास १ को च.नं. ११७ मिति २०८२/१/६ गतेको कक्षा ११ सञ्चालनका लागि आवश्यक कागजात संलग्न राखी अनुमति माग गरे अनुरुप उक्त विद्यालयले शैक्षिक सत्र २०८० मा कक्षा ९ सञ्चालन अनुमति प्राप्त गरी क्रमशः शैक्षिक सत्र २०८१ मा कक्षा १० सञ्चालन अनुमति लिई उल्लेख्य विद्यार्थी संख्या भर्ना गरी नियमित कक्षा सञ्चालन गरेको उल्लेख गर्दै शैक्षिक सत्र २०८२ असार देखि कक्षा ११ सञ्चालनका लागि अनुमति माग गरेकोले कागजात पेश भए बमोजिम अध्ययन अनुगमन गर्दा उचित ठहर भएकोले शैक्षिक सत्र २०८२ देखि कक्षा ११ सञ्चालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा साविक जिल्ला आयोजना कार्यान्वयन इकाइ तनहुँद्वारा आ.व.२०७३/०७४ मा स्थानीय तह घोषणा हुनु अगाडि व्यास नगरपालिका अन्तर्गतका विभिन्न सामुदायिक विद्यालयहरुमा २ कोठे ४ कोठे कच्ची/पक्की भवन निर्माणका लागि अनुदान निकासा भई हाल

निर्माण कार्य सम्पन्न भएको छ । तत्कालीन समयमा विद्यालयहरुमा कार्यक्रम कार्यान्वयन हुँदै गर्दा स्थानीय तह लागु भए पश्चात् उक्त कार्यालयको अस्तित्व नरहेको अवस्था छ । निर्माणाधीन भवनका लागि सम्बन्धित विद्यालयहरुमा बजेट निकासा भई कार्य सम्पन्न पश्चात् फुकुवा गर्ने गरी रकम रोक्का रहेको तर बजेट कार्यान्वयनको अवस्था अध्ययन तथा मूल्याङ्कन गर्ने जनशक्ति नभएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई विद्यालय स्थापना, सञ्चालन तथा सम्पत्ति सुरक्षा लगायतका अधिकार प्रदान गरे अनुरुप हाल कार्यक्रम कार्यान्वयन र अनुगमन तथा कार्य सम्पादन निर्णयको अधिकार सम्बन्धित स्थानीय तहको हुन आएको छ । कार्यक्रम कार्यान्वयन भएका कतिपय विद्यालयहरु हाल सञ्चालनमा नरहेको अवस्थामा समेत रहेकोले विद्यालयको नगद तथा जिन्सी सामग्रीहरुको उचित व्यवस्थापनमा समेत समस्या परेको छ । सोही अनुरुप कार्यक्रम लागु भएका यस नगरपालिका अन्तर्गतका निम्न लिखित विद्यालयहरुमा कार्यक्रम कार्यान्वयन सम्बन्धी कागजात तथा प्राविधिक मूल्याङ्कनका आधारमा कार्यक्रम सम्पादनको लागि यस नगरपालिका अन्तर्गतको उपप्रमुखको नेतृत्वको अनुगमन समितिलाई सम्बन्धित विद्यालयको अनुगमन गरी गराई प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

(क) श्री क्यामिनकोट मा.वि. व्यास ७ -दुई कोठे भवन ।

(ख) श्री अमरसिंह मा.वि. व्यास ११ -दुई कोठे भवन ।

(ग) श्री अमरज्योति आ.वि. व्यास १४ -दुई कोठे भवन ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास ७ क्यामिनकोट मा.वि.मा यस अघि कार्यरत शिक्षक श्री पुरुषोत्तम न्यौपानेले केही महिना शिक्षण गरे वापत पारिश्रमिक नपाएको भुक्तानी पाउँ भनी यस नगरपालिकामा निवेदन दिएकाले व्यहोरा सत्य भएमा विद्यालय श्रोतबाट नै खर्च हुने गरी पारिश्रमिक दिनुहुन उक्त विद्यालय व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक, खानेपानी, सिंचाई लगायत विपद्जन्य कार्यमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | गल्बुबेशीका लागि बुल्दीखोलामा पानी ईनार व्यवस्थापन | १ | १,००,०००।- | ८४५ |
| २. | चारकुने छाब्दीघाट सडक कालोपत्रे गर्दा विद्युत पोल स्थानान्तरण | १ | ४३,९००।- | ६९ |
| ३. | अभिभावक विहिन अस्मिता बि.क. अध्ययन सहयोग | १ | २५,०००।- | ८० |
| ४. | पदुमायां थापा घर संरक्षण | १ | ४०,०००।- | विपद |
| ५. | ईश्वरी गौली घर, खेत संरक्षण | १ | ४०,०००।- | विपद |
| ६. | वडा कार्यालय भवन रंगरोगन समेत | १ | १,५०,०००।- | ८४१ |
| ७. | जलेश्वर भजन कृतन समूह सामग्री खरिद | ५ | १,००,०००।- | ८४४ |
| ८. | चिन्तुटार हाँडिगाउँ दरै समाज फुटबल प्रतियोगिता सहयोग | ५ | ३०,०००।- | १४४ |
| ९. | रहनुमान तलिमुल ईस्लामिक मदर्शा तारबार | ६ | ६०,०००।- | ८४४ |
| १०. | शिशाघाट प्रवेशद्वार तथा हुलाकी चौतारा अधुरो काम | ६ | १,३०,०००।- | ८४३ |
| ११. | माहेन्द्री मार्गबाट माहेन्द्री आधारभूत विद्यालय जाने बाटो मर्मत | ६ | १,५०,०००।- | मर्मत कोष |
| १२. | धरमपानी कुलो मर्मत | ७ | १,००,०००।- | ८४७ |
| १३. | रिस्ती बसाहा मोटर मार्ग मर्मत | ८ | १,००,०००।- | मर्मत कोष |
| १४. | सुनौलो नयाँ गोरेटो कृषि सहकारी कम्प्युटर खरिद | ९ | १,००,०००।- | ८४४ |
| १५. | डुंढघाटमा पाटी निर्माण | ९ | ९०,०००।- | ८४४ |
| १६. | राजापानी मोटर मार्ग स्तरोन्नति | ९ | १,५०,०००।- | मर्मत कोष |
| १७. | झम्केनी खोल्सीमा पक्की नाला समेत | १० | १,५०,०००।- | ८९३ |
| १८. | सर्वज्योति मा.वि.झ्याल, ढोका, पंखा जडान समेत | १० | ३,००,०००।- | ८४६ |
| १९. | थापा कृषि फार्म खानेपानी व्यवस्थापन | १० | ४०,०००।- | ८४५ |

| | | | | |
|---|---|---|---|---|
| २०. | प्रभा पौडेलको निवेदन अनुसार मोटर खरिद | १० | ४०,०००।- | ८४५ |
| २१. | वेदव्यास मल्टीप्रपोज उद्योग जाने बाटो स्तरीकरण रामदास टोल | ११ | ४,५०,०००।- | ८९३ |
| २२. | मुलपानी पञ्चेबाजा थप र ड्रेस व्यवस्थापन | ११ | २०,०००।- | ११२ |
| २३. | पुरनडिही सामुदायिक भवन जाने बाटो निर्माण मर्मत | ११ | ३५,०००।- | मर्मत कोष |
| २४. | कमलबारी गोल्ला मार्ग निर्माण मर्मत | १२ | १,००,०००।- | मर्मत कोष |
| २५. | मत्स्यकन्या आधारभूत विद्यालय ट्याङ्की खरिद | १२ | ३७,०००।- | ८४६ |
| २६. | अपाङ्गता सरोकार समिति कार्यक्रम सहयोग | १२ | ३०,०००।- | ६९ |
| २७. | बजरे खानेपानी तथा सरसफाई समिति मोटर खरिद | १२ | ५०,०००।- | ८४५ |
| २८. | छाब्दी दोभान लिफ्टिङ खानेपानी योजना मोटर र तार खरिद | १३ | ९०,०००।- | ८४५ |
| २९. | छाब्दी जब्दारी चिसापानी मार्ग पहिरो व्यवस्थापन | १३ | १,१०,०००।- | विपद |
| ३०. | भूमि अधिकार श्रमिक संगठन कार्यक्रम सहयोग | | २५,०००।- | ६९ |
| ३१. | खुशीराम क्षेत्री उपचार सहयोग | | ४०,०००।- | ६१ |
| ३२. | अखिल नेपाल ट्रेडयुनियन कार्यक्रम सहयोग | | २५,०००।- | ६९ |
| ३३. | खाल्टे युवा क्लब भलिबल प्रतियोगिता सहयोग | | २०,०००।- | ११४ |
| ३४. | जातिय भेदभाव विरुद्ध राष्ट्रिय दिवस कार्यक्रम सहयोग | | १,००,०००।- | ११२ |
| ३५. | अन्तर विश्वविद्यालय जयनेपाल कप व्यवस्थापन सहयोग | | ५०,०००।- | ११४ |
| ३६. | गणतन्त्र दिवस २०८२ अन्तर मा.वि. वक्तृत्वकला प्रतियोगिता | | ५०,०००।- | ८० |

***